

गोल्डेन न्यूज

राष्ट्रिय दैनिक

Golden News National Daily

❍वर्ष ६ ❍अंक २६ ❍श्रेणी 'क' ❍२०७१ कात्तिक २ गते आइतबार ❍ 19 Oct. 2014 ❍पृष्ठ ४ ❍मूल्य रू. ३/-



'सरकारको एजेण्डा संविधान निर्माण र आर्थिक विकास'

पोखरामा विमानस्थल बन्छ, विश्वस्त हुनुहोस्

गोल्डेन न्यूज संवाददाता
पोखरा १ कात्तिक ।

अर्थमन्त्री डा. रामशरण महतले नेपाल सरकारको मुख्य एजेण्डा संविधान निर्माण र आर्थिक विकास भएको बताएका छन् । पोखराको रामबजारमा शनिबार देखि सुरु भएको रामबजार स्वर्ण महोत्सवको उद्घाटन गर्दै मन्त्री महतले निर्धारित समयमा संविधान निमार्ण र आर्थिक विकास हुन सकेमात्र मुलुक समृद्ध बन्ने बताए । नेपालमा राजनीतिक क्रान्ति सुरु भएको धेरै समय भइसकेको छ, अब आर्थिक क्रान्तिका लागि सरकार, राजनीतिक दलहरु र जनता समेत यसमा प्रतिवद्ध हुनुपर्छ । देशलाई आर्थिक संमृद्धि कसरी बनाउन सकिन्छ भनेर सोच्न जरुरी छ-उनले भने ।

नेपालमा संविधान निमार्णको क्रममा रहेकाले संघीयता, लोकतान्त्रिक पद्धति, आर्थिक विकास, प्रेस स्वतन्त्रता, न्यायपालिकाको सुनिश्चिता बारेमा गम्भीर बहस गर्दै नेपाललाई अन्य मुलुक सरह सम्पन्नशाली बनाउन सरकार र राजनीति दलहरु प्रतिबद्ध रहेको अर्थमन्त्री डा. महतले बताए । भारतसंग नेपाल सरकारले हालै गरेको पीडिए सम्झौताका बारेमा विस्तृत जानकारी गराउदै उनले उक्त सम्झौतामा नेपालीले उपयोग गरेर बांकी रहेको विद्युतमात्र भारतले किन्ने रहेको छ, यसले मुलुकमा विद्यमान लोडसेडिङ छिट्टै मुक्त गराउने विश्वास व्यक्त गरे । कार्यक्रम स्थलमा पुरुषभन्दा महिलाको संख्या बढी देखेपछि डा. महतले महिलाहरुको क्रियाशिलतालाई कुनै पनि काम पुरा नहुने र समाज रुपान्तरणका लाग महिलाको भूमिका प्रमुख हुने बताए । मुलुक लोडसेडिङले आक्रान्त हुनु दुर्भाग्यपूर्ण रहेको भन्दै अर्थमन्त्री डा. महतले लोडसेडिङ मुक्त गर्नका लागि सरकारले विशेष योजना ल्याउन लागेको बताए । उनले भने-'हामीले अहिले भारतसंग विद्युत किन्दै छौं । पछि भारतलाई नै विद्युत बेच्न सकिन्छ । त्यसका लागि सरकारले ठोस कदम चाल्न सक्नुपर्छ ।' मन्त्री महतले नेपालको पञ्चेश्वर, अरुण तेस्रो, माथिल्लो त्रिशुली, माथिल्लो मर्स्याङ्दी, बुढीगण्डकी जस्ता ठूला आयोजनाहरु निर्माणका क्रममा रहेको भन्दै यी योजनाहरु सम्पन्न भएपछि मुलुकमा लोडसेडिङ सदाका लागि अन्त्य हुने विश्वास व्यक्त गरे । पोखरामा बन्न लागेको अन्तर्राष्ट्रिय क्षेत्रीय विमानस्थलको बारेमा बोल्दै नेपाली कांग्रेसका नेता समेत रहेका डा. महतले विमानस्थल निमार्णमा देखिएका कठिनाइहरु लगभग सुल्झदै गएको उल्लेख गर्दै विमानस्थल निर्माण गर्ने प्रक्रिया पुरा भएकाले अब छिट्टै हस्ताक्षर हुने बताए । ३०/३१ अर्बको चिनियाँ लगानी महंगो भएकोमा त्यस विषय पनि सुल्झदै गएको भन्दै महतले पोखरा तथा मुलुकको विकासका लागि विमानस्थल अपरिहार्य भएको स्पष्ट पारे । सरकार जसरी भएपनि पोखरामा विमानस्थल बनाउन चाहन्छ र बन्नै पर्छ भन्ने पक्षमा रहेको छ उनले भने-'विमानस्थल बनाउन सरकार तयार छ, जसका लागि चिनिया सरकारसंग आवश्यक प्रक्रिया अगाडि बढिरहेको छ, केही साताभित्रै यसको टुङ्गो लाग्छ ।'

नेपालमा अझैपनि ५/६ सय अर्बको व्यापार घाटा रहेकाले यसलाई न्युनिकरण गर्नका कृषि र जलविद्युत क्षेत्रमा क्रान्ति ल्याउनु जरुरी रहेको उनले बताए । अर्थमन्त्री डा. महतले नेपाली वस्तु विदेशमा निर्यात गर्नका लागि मुलुकको अर्थतन्त्र बलियो हुनुपर्छ, यसका लागि देशको राजनीति सुधिन आवश्यक रहेको स्पष्ट पारे ।

कार्यक्रममा संविधानसभा सदस्य शारदा पौडेलले माघ ८ गतेभित्र जसरी पनि संविधान आउने दावी गरिन् । दलहरु एकजुट हुने क्रममा छन्, विवादित विषयहरुमा सहमति हुन्छ र तोकिएकै समयमा संविधान आउंछ, विश्वस्त हुन उनले आग्रह गरिन् । उनले पोखरामा कसले विमानस्थल बनाउन दियो वा दिएन भन्ने कुरा छाडेर पोखरेलीहरु विमानस्थल निर्माणमा एकजुट हुन सके कसैले रोक्न नसक्ने दावी गर्दै विमानस्थल बन्ने कुरा धेरै भएको तर ठोस कदम अगाडि नबढेकोमा दुःखेसो पोखिन् । उनले भनिन्-'जुनसुकै पार्टीको सरकार भएपनि प्रतिबद्ध भएर विमानस्थलमा लाग्नुपर्छ । यसो भएमात्र विमानस्थल बन्छ र विकास निर्माणको काम अगाडि बढ्छ ।' पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विन्दुकुमार थापाले पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल बनेमा पश्चिमाञ्चलको विकास हुने बताए । विमानस्थलका लागि पोखरेलीले धेरै आन्दोलन गरेको स्मरण गराउंदै उनले जति नै आन्दोलन गरेपनि माग सुनुवाई नभएकाले आफूहरु आन्दोलनका लागि पुनः काठमाडौं जान लागेको जानकारी गराए ।

रामबजार युथ क्लबका अध्यक्ष तिल बहादुर गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा प्रधानमन्त्री सुशिल कोइरालाका विकास तथा सामाजिक क्षेत्र सल्लाहकार डा.विजन पन्त, कालिका मन्दिर सञ्चालक समितिका अध्यक्ष मनवीर गुरुङ ढासा, क्लबका सल्लाहकार सम्मरबहादुर श्रेष्ठ, उपाध्यक्ष वीरेन्द्र पाइजा पुन र संस्थाका सदस्य सचिव ज्ञान बहादुर थापा, कार्यसमिति निरज थापा लगायतले पोखराको विकासका लागि सरकार तथा सरोकारवाला निकायहरु गम्भीर हुनुपर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा रामबजारको विकास र प्रवर्द्धनका लागि जीवन समर्पण गरेकोमा समाजसेवी मनवीर गुरुङ ढासालाई अभिनन्दन र महोत्सवलाई महत्वपूर्ण सहयोग गरेको भन्दै रामबजारका शिवलाल सुनार र भविन्द्र वि.कलाई सम्मान गरिएको थियो । 'रामबजारको सान, युवाहरुको अभियान' भन्ने मूल नाराका साथ शुरु भएको महोत्सव कात्तिक ४ गतेसम्म चल्ने छ । महोत्सवको आकर्षणमा रामबजारको पुरानो फोटो तथा चित्र प्रदर्शनी, साङ्गीतिक कार्यक्रम, देउसी भैलो प्रतियोगिता, लोक नृत्य प्रतियोगिता, बाल उद्यान, विभिन्न जातजातीका झाँकी रहेका छन् । महोत्सवमा निःशुल्क रुपमा प्रवेश पाइने छ । करिब तीन लाख २५ हजार दर्शकले महोत्सवको अवलोकन गर्ने अपेक्षा गरिएको सचिव खगेन्द्र क्षेत्रीले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए । उनका अनुसार महोत्सव सम्पन्न गर्न २३ लाख ७८ हजार खर्च लाग्ने अनुमान गरिएको छ । महोत्सवबाट प्राप्त आम्दानीलाई रामबजारमा सोलार वत्ति जडानका लागि खर्च गरिने छ ।

विमानस्थल निर्माणमा दवाव दिन काठमाडौंमा

नेपाल सरकारका अर्थमन्त्री डा. रामशरण महतले पोखरा क्षेत्रीय विमानस्थल निर्माण हुनेमा विश्वस्त हुन पोखरेलीलाई आग्रह गरेका छन् । एक वर्षभित्रमा अहिलेको सरकारले नै पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण कार्य सुरु गर्ने अर्थमन्त्री महतले बताए । पोखरा उद्योग वाणिज्य संघले शनिबार आयोजना गरेको साक्षात्कार कार्यक्रममा बोल्दै नेपाली कांग्रेसका नेता समेत रहेको डा. महतले पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा सरकार प्रतिवद्ध भएर लागेको स्पष्ट पारे । कानुन सम्बन्धी प्रकृयाका कारण केही ढिलाइ हुन स्वभाविक भएको बताउँदै उनले अर्थमन्त्रालयकै कारण विमानस्थल निर्माण कार्य नरोकिने स्पष्ट पारे । आफूले विमानस्थल बनाउन नचाहेको भन्ने भनाइ दुस्प्रचार मात्र भएको भन्दै उनले सात वर्षअघि आफू अर्थमन्त्री हुँदादेखि नै पोखरामा क्षेत्रीय विमानस्थल निर्माण गर्नुपर्छ भन्ने व्यक्ति आफू नै भएको स्पष्ट पारे । उनले भने-'मैले नै सुरु गरेको काम अर्थमन्त्रालयबाट कुनैपनि हालतमा रोक्किदैन ।' 'विमानस्थल निर्माण जस्तो विकासको काममा अर्थमन्त्रालयले कुनै पनि हालतमा रोक्ने ठाउनै छैन', उनले भने,('प्रकृयाहरु केही नमिलेकाले ढिलाइ भइरहेको हो, प्रकृया मिल्नासाथ विमानस्थल निर्माण शुरु हुन्छ ।' विकास निर्माणका काममा सबै मन्त्रालयको स्वीकृति हुनुपर्ने भएकाले केही मन्त्रालयहरुमा प्रक्रियागत ढिलाइ हुनु स्वभाविक रहेको अर्थमन्त्री महतको भनाइ रहेको थियो । विमानस्थल निर्माण प्रकृया महंगो भएको र त्यसले पनि केही समस्या निम्त्याएको बताउँदै अर्थमन्त्री डा. महतले चीन सरकारको सहयोग बिना पनि देशकै आन्तरिक बजेटबाट समेत विमानस्थल निर्माण कार्य थालनी गर्न सरकार तयार रहेको भन्दै पोखरेलीलाई ढुक्क हुन आग्रह गरे । पोखरेलीहरुले जस्तो सुकै आन्दोलन गरे पनि नगरेपनि यो सरकार विकास निर्माणमा दृढ संकल्पसहित लागि परेकाले पोखरा विमानस्थल निर्माणमा कुनैपनि शंका उपशंका नगर्न उनको आग्रह रहेको थियो ।

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा दबाब दिन पोखराका उद्योगी व्यवसायीहरुको टोली शनिबार राजधानी प्रस्थान गरेको छ । अन्तर्राष्ट्रिय विमानस्थल निर्माण सरोकार समितिका संयोजक एवं पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विन्दुकुमार थापाको नेतृत्वमा उक्त टोली राजधानी प्रस्थान गरेको हो । विमानस्थल निमार्णका लागि दबाब दिन राजधानी प्रस्थान गरेको टोलीमा सभासद, राजनीतिक दलका प्रमुख, व्यवसायी, पत्रकार लगायत सरोकारवालाहरु रहेको पोखरा उद्योग वाणिज्य संघका महासचिव रवीन्द्रबहादुर प्रजुले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए । टोलीले प्रमुख दलका शीर्ष नेतासहित सरकार प्रमुख, अर्थ र पर्यटनमन्त्रीलाई समेत भेट्ने कार्यक्रम रहेको छ । राजधानी प्रस्थान गर्नु अगाडि पोखराको विकासका लागि क्षेत्रीयस्तरको अन्तर्राष्ट्रिय विमानस्थल तत्काल बनाइनुपर्ने भन्दै संयोजक थापाले विमानस्थल निर्माणका लागि जस्तोसुकै दबाब दिन पनि आफूहरु तयार रहेको स्पष्ट पारे । यसैबीच, विमानस्थल निमार्णका लागि पोखरा उद्योग वाणिज्य संघको नेतृत्वमा संकलन गरिएको सर्वसाधारणको हस्ताक्षर सरकारलाई बुझाइने संयोजक थापाले बताए ।

लेखनाथको पटनेरीमा वैकल्पिक औद्योगिक क्षेत्र बनाउन छलफल

गोल्डेन न्यूज संवाददाता
पोखरा १ कात्तिक ।

लेखनाथ नगरपालिको पट्नेरी स्थित सेती किनारमा रहेको जग्गा औद्योगिक क्षेत्र स्थापना गर्नका लागि उपयुक्त रहेको लेखनाथमा आयोजित एक अन्तरक्रिया कार्यक्रमका वक्ताहरुले बताएका छन् । सो क्षेत्रमा उद्योगिक क्षेत्र बनाउँदा वातावरणीय लगायत कुनैपनि नकरात्मक प्रभाव नपर्ने, फोहोर व्यवस्थापन गर्न सहज हुने, सडकको उचित व्यवस्था भएको र अन्य भौतिक पूर्वाधार निर्माणमा कुनै समस्या नहुने भन्दै उनीहरुले वैकल्पिक औद्योगिक क्षेत्रको प्रस्ताव गरेका छन् । लेखनाथ उद्योग वाणिज्य संघको आयोजनामा शनिबार लेखनाथमा औद्योगिक क्षेत्र स्थापना सम्बन्धी वृहत छलफल तथा अन्तरक्रिया कार्यक्रममा औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडका महाप्रवन्धक राजेन्द्रकुमार थापाले लेखनाथ पृथ्वी राजमार्गसगै जोडिएको स्थान भएकाले वैकल्पिक औद्योगिक क्षेत्र स्थापनाका लागि सहज हुने बताए । उनले औद्योगिक क्षेत्र स्थापनाका लागि नेपाल सरकारले पनि प्राथमिकतामा राखेकाले लेखनाथका राजनीतिक पार्टी, सरोकारवाला संघसंस्था, नागरिक समाज, उद्योगी, स्थानीय सबै एक हुनुपर्नेमा जोड दिए ।

लेखनाथ नगरपालिका कार्यालयका कार्यकारी अधिकृत रामचन्द्र पौडेलले लेखनाथ नगरपालिकाले सोही क्षेत्रलाई विगत देखिनै औद्योगिक क्षेत्र स्थापनाका लागि छुट्टाएको बताए । उनले त्यस क्षेत्रमा रहेका केही स्थथानीय जग्गाको क्षतिपूर्त्तिको व्यवस्थापन समेत मिलाएकाले लेखनाथ नगरपालिकाको तर्फबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता जनाए । कार्यक्रममा नेपाली कांग्रेस नगर सचिव विश्वराज लामिछाने, नेकपा एमाले नगर अध्यक्ष मोहन गुरुङ, नेकपा एमाओवादीका नगर अध्यक्ष विनय थापा, नेकपा-माओवादीका किसानसिङ गुरुङ लगायतले नगरको विकाका लागि सबै राजनीतिक दल, उद्योगी व्यवसायिका साथै संम्बन्धित सरोकारवाला सबै एक भएर लाग्नका लागि आग्रह गरेका थिए ।

संघका अध्यक्ष बाबुराम गिरीको अध्यक्षतामा भएको कार्यक्रममा लेखनाथ उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष सुमन भट्टराई, संस्थापक अध्यक्ष चन्द्रकृष्ण कर्माचार्य, नेपाल औद्योगिक क्षेत्र व्यस्थापन लिमिटेडका योजना तथा विकास विभाग प्रमुख राजकुमार मण्डल, पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयका क्षेत्र प्रवन्धक नेपाल भूषण वैद्य, उद्योगपति गोविन्द्रप्रसाद कर्माचार्य लगायतले लेखनाथमा वैकल्पिक औद्योगिक क्षेत्र निमार्णका लागि भौतिक पूर्वाधार, सुरक्षा लगायतका सम्पूर्ण सुविधाले उपयुक्त रहेको बताएका थिए । सरकारले शहरबजार केन्द्रित औद्योगिक क्षेत्रहरुलाई बस्तीभन्दा टाढा अर्थात ग्रामिण क्षेत्रमा लैजानुपर्ने नीति अघि सारेको छ । सरकारको नीतिमा औद्योगिक क्षेत्र बस्तीभन्दा करिब ४ किलोमिटर टाढा हुनुपर्ने रहेको छ । पोखराको औद्योगिक क्षेत्रमा उद्योग विस्तारका लागि कत्ति पनि ठाउं नरहेको र हाल सञ्चालनमा रहेका उद्योगहरुले पनि आफ्नो क्षमता विस्तार गर्न नसकेको भन्दै वैकल्पिक औद्योगिक क्षेत्रको खोजी भइरहेको बेला लेखनाथ उद्योग वाणिज्य संघले लेखनाथको पट्नेरीमा औद्योगिक क्षेत्र प्रस्ताव गर्दै आएको छ ।

कृषि सहकारीको साधारणसभा

पोखरा १ कात्तिक ।(गोल्डेन)

क्रियाशिल महिला विकास कृषि सहकारी संस्था लिमेटेड मासवारको प्रथम साधारण सभा सम्पन्न गरेको छ । कार्यक्रमका प्रमुख अथिती महिला तथा बालबालिका कार्यलयका कार्यालय प्रमुख लक्ष्मी जिसीले सहकारी भनेको सहकार्य भएकोले आफ्नो मूल्य र मान्यतालाई आधारित मानेर राज्यलाई नै विकास गनुपर्ने बताइन । कोषाध्यक्षको प्रतिवेदन संस्थाका कोषाध्यक्ष लक्ष्मी बरालले प्रस्तुत गरेकी थिइन । संस्थाकी अध्यक्ष शारदा गिरीको अध्यक्षतामा भएको कार्यक्रममा किसान जागरण बहुमुखी सहकारीका अध्यक्ष लिला भक्त बराल, महिला क्लबका अध्यक्ष विष्णु पराजुली, संस्थाका सल्लाहाकार शशीकला बराल लगायतले बोलेका थिए । स्वागत मन्तव्य उपाध्यक्ष मनमाया बरालले राखेको कार्यक्रमको सञ्चालन सचिव पिङ्गला भट्टले गरेकी थिइन ।

तोकिएकै समयसीमाभित्र संविधान जारी हुने बडुको ठोकुवा

गोल्डेन न्यूज संवाददाता
पोखरा १ कात्तिक ।

नेपाली कांग्रेस कास्कीले शनिवार पोखरामा आयोजना गरेको चियापान तथा शुभकामना कार्यक्रमलाई सम्बोधन गर्दै प्रवक्ता बडुले तोकिएकै समयसीमाभित्र संविधान जारी हुने ठोकुवा गरेका हुन् । दलहरुबिच सहमतिको प्रयास भईरहेको जानकारी दिदै उनले सहमती नभए प्रक्रियामा गएर पनि विवादित विषयको टुङ्गो लाग्ने बताए । "सकेसम्म सहमतीमै सबै विवावित विषयबारे छिनोफानो हुन्छ नभए प्रक्रियामा गएर पनि संविधान जारी गर्ने वातावरण बनाउंछौ ।"-उनले भने , "प्रक्रियामा गएर छलफल हुने विषयलाई पनि सहमतीमै टुङ्याउछौ ।" खासगरी अहिले चार मुद्धामा टुङ्गो लगाउन महत्वपूर्ण रहेको बडुको भनाई थियो । संघियता, शासकिय स्वरुप, निर्वाचन प्रणाली र न्यायप्रणालीको विषयलाई टुङ्गोमा पुऱ्याउन बाँकी रहेको उनले बताए । "एककृत नेकपा माओवादीसहितका अन्य दलहरु जातीय आधारमा संघियतामा जानुपर्ने अडानमा छन् । तर जातीय पहिचानकै आधारमा जान काँङ्ग्रेस सक्दैन", बडुले प्रष्ट पार्दै भने । जातीय राज्यमा जाने हो भने कांग्रेसले प्रस्ताव गरेको छ या सात प्रदेश मान्न पनि एकीकृत माओवादी तयोर रहेको उनले जानकारी दिए ।

बाँकी अन्तिम पृष्ठमा.....

पश्चिमाञ्चलकै लोकप्रिय पत्रिका 'गोल्डेन न्यूज राष्ट्रिय दैनिक' खोज्ी-खोज्ी पढ्ने गरौं ।







■ परिश्रम गर्न र प्रतिक्षा गर्न सिक ।

- लङरगफेलो

सम्पादकीय . .

अख्तियारको सक्रियता अझै बढ्न जरुरी

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पछिल्लो क्रममा सक्रियता बढाएसँगै कर्मचारीबृत्तमा आंतकनै मच्चियो । विभिन्न सरकारी एवं सरोकारवाला निकायका कार्यालयमा अनियमितता एवं सेवाग्राहीसँग घुस लिदैगर्दा रंगेहात पक्राउ परेका समाचार प्रायः आइरहन्छन र अख्तियारले पनि आफ्नो फेसवुक पेज मार्फत अपडेट गरिरहेको छ । अख्तियारले पछिल्ला समयमा बढाएको सक्रियताकाको सवैक्षेत्रबाट स्वागत र प्रशंसा भएको छ । यसले भ्रष्टाचार गर्ने तथा सेवाग्राहीलाई अनेक वहानामा दुःख दिनेहरुको सातो काडिएको छ । प्रायः सरकारी निकायका कार्यालयहरुमा अख्तियारको कामकारवाहीका विषयमा कर्मचारी वृत्तमा राम्रै शहस पनि हुने गरेको छ यसले र सर्तकता समेत बढाएको छ ।

पछिल्लो क्रममा अख्तियारको सक्रियता पोखरामा पनि बढेको छ । अख्तियारको पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराले जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय पोखराबाट संचालित स्याङ्जाको ठूली भञ्ज्याङ पहिरो नियन्त्रण कार्यक्रममा अनियमितता गरेको आरोपमा कागजपत्र नियन्त्रणमा लिएर छानविन शुरु गरेको छ । यस्तै कास्की जिल्ला निर्मलपोखरी स्थित रामरुद्रा प्रा.वि.मा छात्रवृत्ति रकम र भवन निर्माणको लागि अष्ट्रेलियन नागरिकले दिएको रकमको हिनामिना गरेको विषयमा स्थलगत निरीक्षण गरी सोसँग सम्वन्धित आवश्यक श्रेस्ता तथा कागजातहरु नियन्त्रणमा लिई छानविन शुरु गरेको छ । यो संगै पोखरामा पनि भ्रष्टचार बढ्न थालेको आभास सबैतिर हुन थालेको छ ।

अख्तियारका कारवाहीको जनस्तरमा समेत प्रशंसा भएको हुने गरेका छ । कुनै कार्यमा अनियमितता वा ढिलासुस्ती भएमा वा घुसको माग भएमा जनताले समेत सिधै अख्तियार दुरुपयोग अनुसन्धानका क्षेत्रीय कार्यालयहरुमा खवर गर्ने प्रणालीको समेत विकास भएको छ । यसले समेत जनतामा चेतनाकोस्तरमा समेत वृद्धि गरेको छ । तर अहिलेसम्म अख्तियारको कारवाहीमा साना कर्मचारी मात्रै पर्ने गरेको गुनासो समेत आउने गरेको छ ।

अख्तियारको दायरमा राजश्व, मालपोत, यातायात, भन्सार, वैदेशिक रोजगार विभाग, प्रशासन लगायत मालदार वा आर्कषक भनिने कार्यालय र क्षेत्रका अधिकृत तथा विशिष्ट श्रेणीका कर्मचारीहरु पर्न सकेका छैनन् । प्राय यि क्षेत्रमा कार्यरत कर्मचारीहरुको आम्दानी वा सम्पत्ति अपत्यारिलो देखिने गर्दछ । उनिहरुको रहनसहन र जीवनशैली उच्च देखिन्छ । प्राय यि क्षेत्रमा काम गर्ने कर्मचारीका छोरा छोरी महङ्गो कलेज र स्कुलमा वोडर्स राखेर अध्ययन गराएको पाईन्छ र अदृश्य ढंगले यिनीहरुले व्यापारीसँग मिलेर व्यवसायमा समेत हिडन पाटर्नरका रुपमा लगानी गरेको दृष्टान्त समेत प्रशस्त पाईन्छ । यस्ता कर्मचारीहरुको निकटता समेत आर्थिक हैसियतका आधारमा राजनितिक दलका उच्चस्तरका नेताहरुसँग रहेको छ । चुनावका बेलमा दरो आर्थिक सहयोग गरेर यिनीहरुले कमाएका अकुत सम्पत्तिलाई राजनितिक संरक्षण समेत मिल्ने गरेको छ । त्यसैले अख्तियारले यिनीहरुको तीन पुस्ता भेटिने गरी अनुसन्धान गरी कारवाहीको दायरामा ल्याए राज्यको अरवौ कालोधन राज्यकोषमा आउने संभावना रहन्छ । त्यसैले सक्रियतालाई निरन्तरता दिदै अवको अनुसन्धान त्यस तर्फ पनि केन्द्रित गर्नुपर्ने देखिन्छ । यसो हुन सकेमात्रै देशमा सुशासन र भ्रष्टचारमुक्त समाजको परिकल्पना गर्न सकिन्छ र यसैबाट देश संवृद्ध बन्न सक्नेछ ।

आजको पञ्चाङ्ग

आज मिति २०७१ साल कार्तिक २ गते आइतबार, तदनुसार अक्टुवर १९ सन् २०१४, श्रीशाके १९३६, नेपाल संवत् ११३४, प्लवङ्गनामकः संवत्सर :, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ऋतु चल्दै छ । चान्द्रमान अनुसार कार्तिककृष्णपक्ष चलिरहेको छ । सौरमान अनुसार आज कार्तिककृष्णपक्षको एकादशी तिथि ३७ घटि १३ पला अर्थात रातिमा ९ बजेसम्म त्यसउप्रान्त द्वादशी तिथि लागनेछ । आज सूर्य तुला राशिमा रहेको छ भने चन्द्रमा सिंह राशिमा अहोरात्र रहनेछ । आज दिनमान २८ घटि २८ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ०६ मिनेटमा रौद्र मुहूर्तमा भैसकेको छ भने सूर्यास्त साँझ ५ बजेर २९ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : सरकारी काम नबन्ने, यात्रामा विभिन्न बाधा आईपर्नेछ, इज्जतमा आँच आउने, कुनै न कुनै रोगले सताउने छ ।

वृष : स्वास्थ्यमा क्रमिक सुधार हुने, कार्य अधुरा रहनेछन, आफन्तले कुरा काट्ने, व्यापारमा मन्दी आउनेछ ।

मिथुन : आदर सत्कार पाइने, व्यापारबाट लाभ हुन सक्ने, टाढाको यात्रा सफल रहने, दिन अत्यन्तै शुभ रहने छ ।

कर्कट : मानसिक पीडा थपिने, आँखामा खरावी आउने, अपजस पाइने, समग्रमा दिन खराब रहेकोछ सजक हुनुहोला ।

सिंह : यशकीर्ति बढ्ने, शत्रुमाथि विजयी हुनाले घरमा नयाँ चहलपहल हुने, अधुरा कार्य पूरा ।

कन्या : आफन्तसंग कलह हुन सक्छ, मन चञ्चल हुनाले, वायूरोगले सताउनेछ सतर्क रहि कार्य सम्पन्न गर्नुहोला ।

तुला : धन तथा जमिन लाभ पाइने, सरकारी सम्मान मिल्ने, आफन्तसंग भेटघाट हुनेछ, दिन रमाइलो हुनेछ ।

वृश्चिक : आफन्तबाट विरोध हुने, पेशा प्रति असन्तुष्टि हुँदै जानेछ, आम्दानीमा कमी हुने, खर्चमा वृद्धि हुनेछ ।

धनु : स्वास्थ्यमा एक्कासि खरावी आउने छ, खानपानमा ध्यान पुऱ्याउनुहोला, शोक पर्ने समाचार प्राप्त हुनेछ ।

मकर : खाना नपच्ने, चोटपटकको भय, नकारात्मक सोचाई, धनमाल हराउन सक्नेछ होसियारी अपनाउनु होला ।

कुम्भ : धन तथा व्यापार लाभ, घरमा नवआगन्तुक व्यक्ति आउनाले नयाँ चहल पहल हुनेछ, समय शुभ रहनेछ ।

मीन : शत्रुमाथि विजयले घरमा नयाँ चहल पहल हुने, शैक्षिक प्रगति, आफन्तको सहयोगले अधुरो कार्य पूरा हुने छ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

कास्कीमा सहकारी : हिजो र आज



अधिवक्ता विष्णु अधिकारी

नेपालमा २०१३ सालदेखि सहकारी संस्थाहरु संस्थागत रुपबाट गठन हुने प्रक्रिया शुरु भएको पाइन्छ । तापनि २०४८ सालदेखि सहकारितालाई अझै व्यवस्थित र वैज्ञानिक ढंगबाट संचालन गरी जनताको सामाजिक एकीकरण, गरिबी निवारण, रोजगारी सृजना गर्ने उद्देश्यले सहकारी संस्थालाई अगाडि बढाइएको हो । विश्व सहकारी इतिहास हेर्दा ठूलठूला उद्योग, परियोजना तथा उद्यमशीलताको विकास सहकारी अवधारणा अन्तर्गत नै सफल भएको देखिन्छ । हामीकहाँ पनि राष्ट्रको आर्थिक, सामाजिक विकासको द्रुत विकासका लागि सहकारीलाई प्राथमिकता दिई राज्यले तिन खम्बे नीति अनुरुप सहकारीलाई प्रमुख स्थान दिएको छ । यति हुँदाहुँदै पनि सहकारीको अन्तर्राष्ट्रिय सिद्धान्त, व्यवहार र कार्यशैलीलाई सहीरुपमा पछ्याउन नसक्दा नेपालका अधिकांश सहकारीहरु धरापमा पर्दै गएका छन् । सहकारी शिक्षाको अभाव, मानवीय त्रुटी, व्यक्तिगत स्वार्थ र राज्यको कमजोर नियमनको कारण सहकारीहरुमार्फत् राज्यले सोचे अनुसारको सफलता पाउन सकेको छैन र आम सर्वसाधारणको पहुच र सहकारीबाट गरिबी निवारण तथा रोजगारी सृजनाको लक्ष्य पूरा हुन सकेको छैन । सहकारीको संख्यात्मक बृद्धि भए पनि गुणात्मक फड्को मार्न भने कासि अझै पछाडि परेको छ ।

सहकारीताको विकास हेर्दा कास्की जिल्ला पनि अग्रणी स्थानमा नै देखिन्छ । २०४८ साल अगाडि स्थापित सहकारी कमजोर हुँदै गएका छन् भने त्यसपछिका सहकारी पनि अपेक्षित सफल छैनन् । सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय पोखराको जानकारी अनुसार हालसम्म कास्की जिल्लामा विभिन्न नाममा गरी ५६४ वटा सहकारीहरु विधिवत दर्ता भई संचालनमा रहेको तथ्यांक छ । यसमध्ये ६ वटा सहकारी संघको रुपमा संचालित छन् भने अन्य सहकारीको नामबाट ९ वटा सहकारी संचालित रहेका छन् । यसबाहेक चिया सहकारी तथा चिया कफी सहकारीका नाममा १३ वटा, मौरीपालन सहकारी १ वटा, पशुपालन सहकारी ४ वटा, जडीबुटी सहकारी २ वटा, सञ्चार सहकारी ५ वटा, मत्स्य विकास सहकारी ४ वटा, दुग्ध उत्पादक सहकारी २० वटा, कृषि तथा फलफूल सहकारी ९९ वटा, बचत तथा ऋण सहकारी २५२ वटा, बहुउद्देश्यीय सहकारी १२ वटा, उपभोक्ता सहकारी ३१ वटा, पर्यटन सहकारी १ वटा गरी कास्कीको ग्रामीण क्षेत्र लेखनाथ नगरपालिका र पोखरा उपमहानगरपालिकाभित्र ५६४ वटा सहकारी संचालनमा रहेका छन् ।

विभिन्न नामबाट संचालित यी सहकारीहरु कतिपय उपभोक्ता सहकारी तथा कतिपय कृषि सहकारी र दुग्ध उत्पादक सहकारीहरुले सहकारी डिभिजन कार्यालयबाट वार्षिक रुपमा अनुदान रकम पाउने गर्दछन् । अनुदान पाउनकै लागि मात्र सहकारी गठन गर्ने र त्यसपश्चात उक्त सहकारीको व्यवस्थित संचालन नगरी अलपत्र पारिएका, मासिक तथा वार्षिक प्रगति विवरण डिभिजन कार्यालयमा नबुझाएका त्यस्ता केही सहकारीहरु छन् जो पहुँचवाला व्यक्तिले संचालन गरी आम नागरिकहरुमा सहकारी प्रतिको विश्वास र धारणामा आँच आउने गरेको पनि पाइएको छ । २०५४।०५५ मा संचालित नेपाल कृषि वन विउ सहकारी अहिले निकै जटिल अवस्थामा गुज्रिरहेको छ । सहकारी संचालकहरुको लापर्वाहीका कारण सयौं जनताको रकम धरापमा रहेको नादा टाइम्स मा प्रकाशित भएको थियो ।

आ.व.२०७०।०७१ मा मात्रै २३ वटा सहकारी दर्ता भएका थिए भने ५ वटा सहकारीको दर्ता खारेजी गरिएको थियो । यसरी सहकारी दर्ता गर्ने र खारेजीमा पर्ने सहकारीमा कृषि सहकारी, उपभोक्ता सहकारी, महिला कृषि सहकारी, सामुदायिक बचत तथा ऋण सहकारी समेत रहेका छन् भने कतिपय सहकारीहरुले राम्रो मुनाफा सहित अधिकांश रोजगारी र उत्पादनमूलक कार्यमा सहकारीलाई परिचालित गरेका पनि छन् ।

सहकारी सम्बन्धमा हाम्रो चेतनास्तर अझै माथि उठ्न सकेको छैन । हतार हतारमा हामी सहकारी गठनको निर्णय गर्छौं अनि सहकार्य विना एक्लै दौडिन थाल्छौं । परिणाम खारेजीमा पर्दछों । यस्तो नियमितमा परेको त्यस्ता सहकारी संस्था र कृषि तथा उपभोक्ताका नामबाट संचालित सहकारीहरु अनुदान पाउन्जेल संचालनमा रहने र त्यसपछि सहकारी नै हिनामिना गरी केही संचालक मोटाउने प्रवृत्तिको समेत विकास भएको छ । यसले गर्दा सहकारीको लक्ष्य र उद्देश्य अनुरुप हाम्रो सहकारी आन्दोलनले अपेक्षित सफलता पाउन नसकेको हुन सक्दछ । केही सहकारी मध्येको अब्बल मानिने कास्कीको रोयल सहकारी कास्कीमो मात्र नभएर नेपालकै नमूना सहकारीमा अग्रणी रहेको छ । उल्लेख्य मुनाफा आर्जन गर्न सफल रोयल सहकारी जस्तै अन्य केही सहकारी पनि छन् । तर ती सहकारीहरुले के कसरी मुनाफा आर्जन गर्दछ भन्ने कुराको तथ्य पाउन गाह्रो पर्दछ ।

कास्की जिल्लामा स्थापना भएका मध्ये सफल सहकारीहरु पनि छन् । तर केही असफल र धरासायी सहकारीका कारण सहकारी संस्थाप्रति नकारात्मक धारणा बन्द सक्छ । सहकारी संस्थाहरु सफल हुनमा रोयल सहकारी, जो कास्कीको अग्रणी र सफल मानिन्छ । त्यसैगरी सहकारीहरुले व्याजमा मात्र लगानी नगरी उत्पादन र रोजगारमूलक क्षेत्रमा लगानी गर्न राज्यको नीति निर्माण तहबाटै पहल हुन जरुरी छ । असफल हुनमा जिम्मेवार शेयर सदस्य वा संचालक को हो र किन हुन्छन्, सहकारी असफल राज्यको नीति नै कमजोर भएकोले सहकारी क्षेत्रले लगानीको उपयुक्त वातावरण पाउन नसकेको डिभिजन सहकारी प्रमुख बद्रीनाथ अधिकारीको धारणा छ ।

सहकारीको मुनाफाको स्रोत के हो ?

रकम जम्मा गरेर ब्याज मात्रले हुने सहकारीहरुको मुनाफाले सहकारीहरु कति दिगो हुन सक्लान ? अर्थतन्त्रको एक खम्बाको रुपमा रहेको सहकारीको लगानीका क्षेत्रहरु के के हुन सक्छन् ? साधारणसभामा वितरण गरिने नाफा के कसरी भएको हो भन्ने कुरा सार्वजनिक गर्न सकिन्छ कि सकिँदैन । विशेषगरी अबका सहकारीहरुले कृषि औद्योगिकीकरणको क्षेत्रमा सम्भाव्यता अध्ययन गरी लगानी प्रवर्द्धन गर्न सकेमा सिंगो राष्ट्रको द्रुत विकासमा महत्वपूर्ण भूमिका खेल्न सक्दछ ।

सहकारी सिद्धान्त बमोजिम ब्याजदर र त्यसको अन्तर

लगानीमा ३ प्रतिशत बचतमा ६-७ प्रतिशत हुनुपर्दछ भन्ने बुझिन्छ तर सहकारीहरुले क्षणिक मुनाफा देखाउन र ग्राहक आकर्षण गर्न अनेक लोभलालच देखाएर पनि निक्षेप संकलन गरेको पाइन्छ । जसले गर्दा सहकारीहरु धरासायी बन्दै गएका छन् । २४ प्रतिशत सम्म ब्याज दिने र पाउने लालचमा सहकारीको भविष्य डामाडोल भएका पनि छन् । सहकारीको कार्यक्षेत्र के हो ? प्राथमिकता के हो ? सहकारी सदस्यहरुको आर्थिक अवस्थामा सुधार भएको छ कि छैन, लगानी सुनिश्चित भएको छ कि छैन ? हरेक क्षेत्रमा सहकार्यको अवधारणा अनुरुप कार्य भएको छ कि छैन भन्ने कुरा अब हामी प्रत्येक शेयर सदस्यहरु चनाखो भएर खोजीनीति गरेर सहकारीबाट अधिकतम फाइदा लिँदै आर्थिक उन्नतितर्फ लाग्नु पर्दछ । यसका लागि राज्यले पनि सहकारी सम्बन्धी आवश्यक नीतिहरु निर्माण गरेर अहिले देखिएका समस्याहरुतर्फ गम्भीर हुनुपर्ने देखिन्छ ।

सहकारी विनियमको दफा २ मा प्रत्येक सहकारीहरुले आफ्नो संस्थाको नीति नियम यस्तो छ भनेर खुल्ला बडापत्र टाँस गर्नुपर्ने प्रावधानको व्यवस्था छ तर हालसम्म कुनै पनि सहकारीहरुले यस प्रकारको बडापत्र राखेको पाइँदैन । सहकारीहरुको आफ्नो मापदण्ड के हो ? कार्यक्षेत्र तथा प्राथमिकता के हो भन्ने पनि जानकारी हुँदैन र सहकारी गठन गर्ने, रकम जम्मा गर्ने, निक्षेप संकलन गर्ने र २४% भन्दा बढी ब्याज लिएर लगानी गर्ने अथवा शेयर संचालकहरु मिलेर त्यो शेयर रकमको आफू अनुकुल लगानी गर्ने प्रवृत्ति मोटाउँदै गएको छ । यसरी सहकारीले वार्षिक साधारणसभामा कति नाफा दिन्छ भन्ने मात्र सोंच राख्नुले कतिपय सहकारीहरु धरासायी बन्दै गएको स्थिति छ । यसर्थ प्रत्येक शेयर सदस्यहरुले आफूले पाएको शेयरको नाफा कहाँबाट कसरी दिइएको हो भन्ने कुरा पनि खोजी गरिनुपर्दछ ।

सहकारीमा रकम जम्मा गरेवापत् २४ प्रतिशत ब्याज दिने कुरा गरेर लोभ देखाएर सर्वसाधारणको लाखौंलाख रुपियाँ मुद्दति निक्षेपमा जम्मा गर्दै गरेको नेपाल कृषि वन विउ सहकारी संस्था पोखराको एउटा पुरानै सहकारीमा मानिन्थ्यो तर महत्वाकांक्षी योजना, अदुरदर्शी संचालक तथा व्यवस्थापकको कारण आज उक्त सहकारीमा रकम जम्मा गर्ने सयौं जनताहरु मर्कामा परेका छन् । सहकारी व्यवस्थापक फरार छन् भने संचालक समिति अध्यक्ष पहिले नै राजीनमा गरेर बसेका छन् । अब त्यो सहकारीमा लगानी गर्ने र रकम जम्मा गर्ने जनताको स्थितिप्रति सम्वेदनशील हुने को ? सहकारी डिभिजन कार्यालय वा संचालक/व्यवस्थापक ? यसलेर्ी गर्दा सहकारीप्रतिको आम जनधारणा र विश्वासमा तुषारापात भएको छ ।

युएनसिआरपिडिमा भण्डारी

गोल्डेन न्यूज संवाददाता

पोखरा १ कात्तिक ।

नेपाल कुष्ठ प्रभावित समाज (युएनसिआरपिडि) अभिमुखिकरण तथा पश्चिमाञ्चल क्षेत्रीय भेला शनिबार पोखरामा सम्पन्न भएको छ । भेलाले यशोदा राजभण्डारीको अध्यक्षतामा सात सदस्यीय कार्यसमिति चयन गरेको छ । जसको उपाध्यक्षमा लक्ष्मी सुनार, सचिवमा भरत पुन, सह-सचिवमा सीता गुरुङ, कोषाध्यक्षमा मधु तामाङ, सह- कोषाध्यक्षमा सेतु बाहेरा र सदस्यमा भिमबहादुर ठकुरी चयन भएका छन् । यस अधि क्षेत्रीय भेला तथा अभिमुखिकरण कार्यक्रमको उद्घाटन गर्दै पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयका निर्देशक बालकृष्ण भूषालले कूष्ठ प्रभावित व्यक्तिहरु आँफै समाजमा सचेतना फैलाउन अग्रसर हुनुपर्नेमा जोड दिए ।

कार्यक्रममा जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख रमेशप्रसाद अधिकारी, जिल्ला विकास समिति कास्कीका कार्यक्रम अधिकृत अर्जुन न्यौपाने, विकाश नेपालका प्रवन्धक गोपाल गुरुङ, लगाएतले नयाँ कार्यसमितिको सफल कार्यकालको शुभकामना व्यक्त गरेका थिए ।

नेपाल कूष्ठ पभावित समाज नेपालका केन्द्रीय अध्यक्ष पार्वती ओलीको अध्यक्षतामा पोखराको हरियो खर्क स्थीत विकाश नेपालको हलमा सम्पन्न भएको थियो ।

३५ युनिट रगत संकलन

पोखरा १ कात्तिक ।

मेकानिकलहरुको साझा संस्थाको रुपमा स्थापित गण्डकी अटो मेकानिकल वर्क्स एशोसिएसनले २१ औ वार्षिकोत्सव सम्पन्न गरेको छ । वार्षिकोत्सवको अवसरमा संस्थाले रक्तदानसहित विविध सामाजिक क्रियाकलाप सम्पन्न गरेको छ । वार्षिकोत्सव समारोहको उद्घाटन गर्दै संस्थाका पूर्वअध्यक्ष विश्वबन्धु थापाले सबै मेकानिक्सहरु एक भए एशोसिएसन बलियो हुने भन्दै यसमा लाग्न आग्रह गरे । कार्यक्रममा रक्तसंचार केन्द्रका प्राविधिक महेन्द्र केसीले रक्तदानको महत्वबारे प्रकाश पारे । एशोसिएसनका अध्यक्ष कुलबहादुर नेपालीको अध्यक्षतामा भएको कार्यममा नेपाल अटो मकोनिकल व्यवसायी महासंघका केन्द्रीय उपाध्यक्ष सुवर्णमान नकर्मी, पूर्वअध्यक्ष सनतकुमार भट्टराई, कानुनी सल्लाहकार माधव वास्तोला, पोखरा उद्योग वाणिज्य संघका महासचिव रविन्द्रसन प्रजू, कास्की मोटरसाइकल एशोसिएसनका अध्यक्ष माधव खतिवडा, पश्चिमाञ्चल अटोमोवाइलका अध्यक्ष कालिदास पौडेल, कार्यक्रम संयोजक राजु दाहाल, सचिव पुरुषोत्तम सुवेदीलगायतले बोखेका थिए । कार्यक्रममा ३५ जनाले रक्तदान गरेका थिए ।

कालिका मन्दिर व्यवस्थापनमा देवकोटा

पोखरा १ कात्तिक ।

पोखराको बाटुलेचौरमा रहेको कालिका मन्दिर तथा कोत मामलियत व्यवस्थापन समितिको अध्यक्षमा पुनः झङ्कनाथ देवकोटा चयन भएका छन् ।

शनिबार सम्पन्न ११ औं अधिवेशनले समितिको उपाध्यक्षमा दुर्गा के.सी थापा, सचिवमा नारायणप्रसाद देवकोटा, कोषाध्यक्षमा बलराम भट्टराई र सहसचिवमा रामबहादुर जि.सी चयन भएका छन् । समितिको सदस्यहरुमा लक्ष्मी श्रेष्ठ, लोकबहादुर थापा, जीवनारायण श्रेष्ठ, मिठू बस्नेत, मिना वाँनिया, मिठु देवकोटा, पानबहादुर बस्नेत र कर्णहादुर खड्का रहेका छन् । यसअघि अधिवेशनको उद्घाटन समाजसेवी प्रेमबहादुर वाँनियाले गरेका छन् । सो अवसरमा समितिले आर्थिक सहयोग प्रदान गर्ने हेमबहादुर खड्का र दुर्गा के.सी थापालाई सम्मान गरेको थियो । उनीहरुलाई प्रमुख अतिथि बानियाँ, अध्यक्ष देवकोटा र सरथेश्वर शिवालय मन्दिरका अध्यक्ष मदनबहादुर के.सीले सम्मान गरेका थिए । नवनिर्वाचित समितिले बहुउद्देश्यीय भवनको स्तरोन्नती गर्नुका साथै मन्दिरको थप भौतिक विकास गर्नेछ ।

सुनौलो एफएममा ज्योतिष जागरण

प्रत्येक मंगलबार बिहान ठीक ८:३० बजेदेखि ९:३० बजेसम्म सुनौलो एफएम १०२.२ मेगाहर्जमा ज्योतिष जागरण कार्यक्रम सुन्न नभुल्नुहोला । सुझावका लागि : वरिष्ठ ज्योतिष भविष्यवक्ता डा.बलराम उपाध्याय रेग्मी । मोवाइल : ९८५६०३०९१४

Visit Visa

Visit Visa मा विदेश जानु परेमा साथै Bank Balance र Audit Report का लागि सम्पर्क गर्नुहोला

सम्पर्क : ५८५६०३७५८१

तुरून्त खानेपानी चाहिएमा

मेनेजर: ९८४६५२४७०७
अफिस: ०६१ -४६६४७९
ट्याङ्कर: ९८४६५२४७०८
मिनरल वाटर: ९८४६५२४७०६
जारपानी: ९८४६५२४७०५
डीप रक वाटर सप्लायर्स
मितेरी गाउँ-१५, पोखरा

विदेश जानेहरूका लागि सुवर्ण अवसर

दुबई र कतारको Group-4 Security कम्पनीहरूमा जान चाहनेहरूलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्यूरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरू निःशुल्क संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरू :-
☞ शतप्रतिशत उत्तीर्ण गराउने सफल
☞ आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
☞ १ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउने सफल

अन्तरवार्ता भइरहेको छ ।

सम्पर्क | फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा बिजनेश कम्प्लेक्स
सटर नं. ३०, फोन:- ०६१-५५०२५२, मो. ९८४६०-४१४९२

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।

हार्मोकर्ल स्प्रिमा एलाभरा जुस पाइन्छ

महिला सम्वन्धि समस्या

महिनामारी गडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वोदिक पद्दतिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने

सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।

दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।

थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।

शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र

फ्रि होम डेलिभरि

फोन नं.०६१-५३१८६७, ०६-१२२५५५८, मो. ९८४६१३७४१८

चाया, पोतो र डण्डिफोर Bye Bye

चाया, पोतो, डण्डिफोर र मखियालाई एक हप्तामा नै हटाइनुका साथै गोरोपना बढाइने

यहाँ Orginal Korean Cosmetic Product पाइन्छ ।

साथमा मोटोपन घटाउने र बढाउने पनि ।
कपाल झर्न रोक्ने, उमार्ने Hair building fiber.
सेतो कपाललाई ५ मिनेटमा नै कालो बनाउने
महिनामा नै १-३ इन्च हाइट बढाउने Step-Up.
चाउरिपना हटाउने
पिनासका लागि सफल उपचार ।
ग्याष्ट्रिक उपचार
Breast घटाउने बढाउने...पेटमा भएको सेतो धर्सा हटाउने ।
थाहै नदिइ जाड, रक्सीका साथै चुरोट, सुर्ती, केही दिनमा नै छुटाइने ।

Skin Test गरिन्छ ।

ढाड, कम्मर, हात खुट्टाका जोर्नीहरुको दुखाइ कम गर्ने

नेपालकै नं. १ Aloevera Juice हामीकहाँ पाइन्छ ।

बिहानी ब्युटी ट्रेडर्स

चिप्लेढुङ्गा, पोखरा-४, फोन: ५८४६१५४१८८, ०६१-५२४५५४
(मल्ल इम्पोरियमको अगाडि द्वा कम्प्लेक्स भन्दा दुई घर तल)

अखण्ड नेपाल पार्टी गण्डकी धौलागिरिमा केसी

गोल्डेन न्यूज संवाददाता
पोखरा १ कार्तिक ।

अखण्ड नेपाल पार्टीले पार्टी विस्तार तथा गण्डकी धौलागिरि अञ्चलस्तरीय अगुवा कार्यकर्ता प्रशिक्षण सम्पन्न गरेको छ । २ दिनसम्म चलेको सो प्रशिक्षणको समापन पश्चात भएको अञ्चल स्तरीय भेलाले गणेशबहादुर केसीको अध्यक्षतामा अखण्ड नेपाल पार्टी गण्डकी धौलागिरि समिति गठन गरेको छ ।

समितिको उपाध्यक्षमा टेकन गिरी र सावित्री बराल, सचिवमा रामबहादुर केसी, कोषाध्यक्षमा दानबहादुर बस्नेतलाई चयन गरिएको छ भने सदस्यहरुमा ठाकुर प्रसाद बराल, पूर्णजंग भण्डारी, गोकुल अधिकारी, प्रेमबहादुर श्रेष्ठ, रामजी सुवेदी, मीनबहादुर अधिकारी, सरस्वती हमाल, शम्भु अधिकारी, शिव कुँवर, बुद्ध कुँवर, विष्णुप्रसाद गुरुङ रहेको गण्डकी अञ्चल समिति गठन गरेको छ ।

पार्टीले अञ्चल विस्तारकै क्रममा सन्तु खड्काको अध्यक्षतामा रुद्र महत, चन्द्र प्रकाश बानियाँ, रामबहादुर भण्डारी, ध्रुव रेग्मी रहेको धौलागिरि समिति ठन गरेको छ । कार्यक्रमको उद्घाटन गर्दै पार्टीका केन्द्रीय अध्यक्ष सभासद कुमार खडकाले नेपालको २१ औ राष्ट्रिय राजनीतिक दलको हैशियतले देशलाई साझा र अखण्डताको लागि आफूले संवैधानिक राजनीतिक संवाद तथा सहमति समितमा फरक मत प्रस्तुत गरेको बताए ।

नेपाललाई सम्पूर्ण धर्मको सम्मान गर्दै ८१ प्रतिशत हिन्दूको कदरस्वरुप सनातन हिन्दु धर्मसापेक्ष राष्ट्रको मागसहित जातीय, धार्मिकको नाममा हुने संघीय संरचना तथा नियुक्ती विरोध लगायत गैरआवासीय नेपालीलाई अधिकार सहितको नागरिकता दिनुपर्ने माग राखेको विचार राखे ।

केन्द्रीय सदस्य पदमबहादुर कार्कीको सभापतित्वमा भएको कार्यक्रममा वरिष्ठ उपाध्यक्ष चतुराखर अधिकारी, महासचिव केशबहादुर केसी, केन्द्रीय उपाध्यक्ष पुष्पा केसी भण्डारी, केन्द्रीय सदस्य उदयबहादुर बस्नेत, केन्द्रीय सदस्य तथा प्रशिक्षक रामेश्वर थापा, लक्ष्मी अधिकारी लगायतले पार्टीलाई बलियो बनाउन जनताको सुखदुःखको साथी बन्नुपर्ने बताए । पार्टीले विजयादशमी, शुभ दीपावली र छठको अवसरमा चियापान तथा शुभकामना कार्यक्रम आयोजना गरेको कोषाध्यक्ष शंकर केसीले बताए । संगठन विस्तारका लागि पार्टीले रचनात्मकरुपमा गाउँदेखि सहर हुँदै केन्द्रसम्मको कार्यक्रम गरिन लागिएको महासचिव केशबहादुर केसीले बताए । सो कार्यक्रममा विभिन्न राजनीतिक दलका नेता, उद्योगी, व्यवसायी र कार्यकर्ताको बाक्लो उपस्थिति रहेको केन्द्रीय सदस्य दिलबहादुर अधिकारीले जानकारी दिए ।

भिमकाली मार्गमा आचार्य

पोखरा १ कार्तिक ।(गोल्डेन)

भिमकाली मार्ग साझेदारी टोलसुधार संस्था भिमकालीपाटन वडा नं. १ पोखराको १२ औं साधारण सभाले दीपक आचार्यको नेतृत्वमा ९ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । जसको उपाध्यक्ष होमबहादुर गुरुङ्ग, सचिव तुलसीराम वाँस्तोला, कोषाध्यक्ष विश्वनाथ ओझा, सह-सचिव भवानीप्रसाद पराजुली र सदस्यहरुमा स्वदेश साई खड्गी, इश्वर गुरुङ्ग, राजीव गुरुङ्ग, इन्द्रा कुमारी गुरुङ्ग रहेका छन् ।

कान्नू व्यवसायी आचार संहिता बारे छलफल

गोल्डेन न्यूज संवाददाता
पोखरा १ कार्तिक ।

कानून व्यवसायी आचारसंहिता सम्बन्धी एक दिने कार्यक्रम शनिबार पोखरामा सम्पन्न भएको छ । नेपाल बार एशोसिएशनको आयोजना तथा कानूनी शासन मानव अधिकार संरक्षण प्राणाली सवलिकरण कार्यक्रम (युएनडिपी) को सहयोगमा उक्त कार्यक्रम सम्पन्न भएको हो । कार्यक्रममा बाल्दै नेपाल बारका उपाध्यक्ष टीकराम भट्टराईले कानून व्यवसायी आचारसंहिता २०५१ लाई परिमार्जन गरि बार काउन्सिलको संशोधित नियमावली २०७१ लाई कार्यान्वयनमा ल्याउनुपर्नेमा जोड दिए । उनले कानून व्यवसायी आचारसंहिता कडाइका साथ कार्यान्वयन नहुँदा खराब कानून व्यवसायीका कारण समग्र कानूनी व्यवसायीको क्षेत्रमा विकृति आएको बताए । कार्यक्रममा अधिवक्ता दिनमणि पोखरेलले कानून व्यवसायी आचारसंहिता २०७१ को अवधारणा प्रस्तुत गरेका थिए । उक्त अवधारणामाथि पोखराका कानून व्यवसायी एवं वरिष्ठ अधिवक्ता तिलक आचार्य, कृष्णबहादुर गुरुङ, अधिवक्ताहरु हरि सुवेदी, मकुन्दराज अर्याल, रोहितराज बाँस्तोला, कमल प्रसाद अर्याल, शुकदेव गौतम, बलराम तिमिल्सिना, विश्व घिमिरे, इन्द्रप्रसाद बराल, विष्णु अधिकारी, सरला पाण्डे, जानकी शर्मा, माधवी पाण्डे, हेमराज बराल लगायतले आ-आफ्ना धारणा राखेका थिए । पुनरावेदन बार एशोसिएशन पोखराका अध्यक्ष खगेन्द्रराज आचार्यको अध्यक्षमामा सम्पन्न कार्यक्रममा नेपाल बारका केन्द्रीय उपाध्यक्ष अनिता गुरुङले स्वागत र कास्की जिल्ला बारका अध्यक्ष पदमपाणि देवकोटाले संचालन गरेका थिए ।

गण्डकी विकास बैंकको लाभांश बीस प्रतिशत

गोल्डेन न्यूज संवाददाता
पोखरा १ कार्तिक ।

पोखराको न्यूरोडमा प्रधान कार्यालय रहेको गण्डकी विकास बैंकको शनिवार सम्पन्न ११औं वार्षिक साधारण सभाले शेयरधनीहरुलाई २० प्रतिशत लाभांश वितरण गर्ने निर्णय गरेको छ । बैंकका अध्यक्ष पद्मप्रसाद पौडेलको अध्यक्षतामा भएको सभाले उक्त लाभांस पारित गरेको थियो । साधारणसभाले सर्वसाधरण समूहका तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने दुई जना सदस्यहरु विप्लव पौडेल र विकल तुलाचनलाई निर्विरोध चयन गरेको छ । साथै बैंकको जारी तथा चुक्ता पुँजी बृद्धि गरी प्रबन्धपत्र र नियमावलीमा संशोधन गर्ने भएको छ । योसंगै बैंकको कुल चुक्ता पुँजी ३५ करोड २० लाख रुपैया पुगेको छ । बैंकले गत आर्थिक वर्षमा ७ करोड ९१ लाख रुपैयाँ खुद मुनाफा आर्जन गरेको छ । यो नाफा गत आर्थिक वर्षको भन्दा ३७.२६ प्रतिशतले बढी हो । २०७१ आषाढ मशान्तसम्ममा बैंकको कूल निक्षेप ३ अर्ब १० करोड र कर्जा लगानी २ अर्ब ६६ करोड रुपैयां रहेको र निष्कृय कर्जा अनुपात ०.१६ प्रतिशत रहेको बैङ्कले जनाएको छ । बैंकले पश्चिमाञ्चल क्षेत्रका १० जिल्ला अर्न्तगत कुल २० वटा शाखा कार्यालय र केन्द्रीय कार्यालय समेत गरी कुल २१ स्थानवाट कारोवार संचालन गर्दै आएको बैङ्का निमित्त कार्यकारी अधिकृत छविन्द्रनाथ शर्माले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए ।

कास्की फाइनान्सको साधारणसभा

गोल्डेन न्यूज संवाददाता
पोखरा १ कार्तिक ।

पोखराको न्यूरोडमा प्रधान कार्यालय रहेको कास्की फाइनान्सको आठौं वार्षिक साधारणसभा शुक्रवार पोखरामा सम्पन्न भएको छ । साधारण सभाले आ.व.२०७०/०७१ को मुनाफाबाट आफ्ना शेयर धनीहरुलाई १८.७३ प्रतिशत बोनस शेयर दिने प्रस्ताव पारित गरेको छ । कार्यक्रममा संस्थाका अध्यक्ष मदन शर्मा खनालले कम्पनीको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका थिए भने उक्त प्रस्तावलाई सभाले पारित गरेको थियो ।

वि.सं.२०६४ साल श्रावण १४ गते देखि वित्तीय कारोवार शुरु गरेको फाइनान्सले आठौं साधारण सभाबाट पारित गरेपश्चात् संस्थाको जारी तथा चुक्ता पुँजी २८ करोड ३५ लाख ८० हजार ४ सय रुपैयां पुगेको बताइएको छ ।

संस्थाले निक्षेप संकलन र कर्जा लगानी गर्ने नियमित कार्यको अतिरिक्त एबीबीस सेवा, विविध रेमिट्यान्स सेवा, सन्ध्याकालिन सेवा, ३६५ दिन बैंकिङ्ग सेवा, एटीएम सेवा प्रदान गर्दै आइरहेको फाइनान्सका प्रमुख कार्यकारी अधिकृत तोयराज अधिकारीले गोल्डेन न्यूज दैनिकलाई बताए । केन्द्रीय कार्यालय सहित १० वटा शाखा कार्यालय रहेको फाइनान्सको हालसम्म २ अर्ब ४६ करोड निक्षेप संकलन र २ अर्ब १८ करोड रुपैयाँ कर्जा लगानी रहेको जनाइएको छ ।

सिटी बैंकको रक्तदानमा ७० युनिट

गोल्डेन न्यूज संवाददाता
पोखरा १ कार्तिक ।

पोखराको चिप्लेढुङ्गामा प्रधान कार्यालय रहेको सिटी डेभलपमेण्ट बैंकले आठौं वार्षिकोत्सव अवसर पारी रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । रक्तदान जीवनदान भन्ने मूल नाराका साथ आयोजित कार्यक्रममा ७० युनिट रगत संकलन भएको छ । कार्यक्रम नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला शाखाका सभापति बामदेव ढुङ्गानाले बैंकका प्रमुख कार्यकारी अधिकृत विश्वमोहन अधिकारीलाई ब्लड ब्याग हस्तान्तरण गरि उद्घाटन गरेका थिए । कार्यक्रममा बैङ्कका कर्मचारी, शेयर सदस्यहरु, स्थानीय व्यापारी, उद्योगी, समाजसेवी, महिला तथा विभिन्न क्षेत्रका व्यक्तिहरुको सहभागिता रहेको थियो ।

कार्यक्रममा बोल्दै बैंकका प्रमुख कार्यकारी अधिकृत अधिकारीले कार्यक्रमलाई सफल बनाउनका लागि सहयोग गर्ने सबैमा आभार प्रकट गरेका थिए ।

हार्दिक बधाई एवं शुभकामना



पार्वती माकाजु
अध्यक्ष


सावित्रा कोइराला
निवर्तमान अध्यक्ष


कल्पना श्रेष्ठ
उपाध्यक्ष


तारा कोइराला
सचिव


साल्वी बास्तोला
कोषाध्यक्ष


कुश्मा राणा
सह-सचिव


मीरा पोखरेल
सदस्य


शारदा गौतम
सदस्य


मनरुपा श्रेष्ठ
सदस्य


सीता कोइराला
सदस्य


इन्दिरा मसांनी
सदस्य


सुमित्रा कोइराला
सदस्य

सिद्धार्थ क्लवद्वारा प्रवर्द्धित नवसिद्धार्थ महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १२औं साधारणसभा एवं पाचौं अधिवेशनबाट निर्वाचित हुनुभएका अध्यक्ष **पार्वती माकाजु** लगायत सम्पूर्ण पदाधिकारीका साथै सदस्यज्यूहरुलाई **हार्दिक बधाई** ज्ञापन गर्दै कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दैछौं ।

श्यामकृष्ण श्रेष्ठ (अध्यक्ष) एवं

शुभ सिद्धार्थ बचत तथा ऋण सहकारी संस्था लिमिटेड परिवार

बगालेटोल, सिद्धार्थचोक, पोखरा

सफलताको आठौं बर्षमा प्रवेश

Celebrating 8th Anniversary

सिटी डेभलपमेन्ट बैंक लिमिटेड
CITY DEVELOPMENT BANK LIMITED

("नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत पत्र प्राप्त संस्था" १० जिल्ला कार्यक्षेत्र भएको)

Head Office : P.O. Box : 372, Chipledhunga, Pokhara, Tel. : 061-521505, 521912
E-mail : mail@citybanknepal.com, URL : www.citybanknepal.com

शुभकामना

प्रधानमन्त्री



पोखरामा केन्द्रीय कार्यालय रहेको सिटी डेभलपमेन्ट बैंकले सातौं वर्ष पूरा गरी आठौं वर्ष प्रवेश गरेको जानकारी पाउँदा मलाई खुसी लागेको छ । यस अवसरमा यस संस्थामा आबद्ध सबैलाई बधाई दिदै आगामी दिनमा संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दछु । नेपालको आर्थिक विकासमा बैंकहरुले महत्वपूर्ण योगदान दिदै आएका छन । छरिएर रहेको पूँजी संकलन गरी प्राथमिकता प्राप्त क्षेत्रमा लगानी गरेर देशमा आर्थिक क्रियाकलापहरुको अभिबृद्धिमा सहयोग पुऱ्याइरहेका छन्। नेपालका बहुसंख्यक जनता संगठित क्षेत्रका बैंक र वित्तिय संस्थाहरुको पहुँचबाट अझै टाढा छन । सबै क्षेत्रमा समानरुपमा आर्थिक र व्यवसायजन्य क्रियाकलापहरु सञ्चालन हुन सकेका छैनन । बैंक एवं वित्तीय संस्थाहरुले छरिएको पूँजीमात्र संकलन गर्दैनन, संकलित पूँजीलाई प्रतिफल आउने उपयुक्त क्षेत्रका उत्पादमूलक व्यवसायमा लगानी पनि गर्दछन । यसले राष्ट्रिय उत्पादन बढाउनका साथै रोजगारी पनि बढाउछ । मुलुकलाई औद्योगिकीकरण तर्फ लैजान महत गर्दछ ।

२०४६ सालमा प्रजातन्त्रको पुनरोदय भएपछि अबलम्बन गरिएको आर्थिक उदारीकरणले बैंक तथा वित्तीय संस्थाहरुको संख्यामा उल्लेख्य बृद्धि भएको छ । बीचको केही समय मुलुकमा शान्ति र राजनीतिक स्थिरता कायम हुन नसकेकोले त्यसबेलाको आर्थिक बृद्धिले निरन्तरता नपाए पनि दोश्रो संविधानसभाको निर्वाचन पछि नेपाली कांग्रेसको नेतृत्वमा अहिले जुन संयुक्त सरकार गठन भएको छ, यसले मुलुकमा शान्ति र राजनीतिक स्थिरता कायम हुने विश्वास सिर्जना गरेको छ । स्वदेशी र विदेशी लगानीकर्ताहरुको विश्वास बढेको छ । पूर्वाधार निर्माण, जलविद्युतको विकास, पर्यटकीय गतिविधिमा अभिबृद्धि, औद्योगिक र व्यवसायिक गतिविधिमा बृद्धि भएपछि आर्थिक गतिविधिहरु स्वतः बढुन जान्छन ।यसले बैंक तथा वित्तीय संस्थाहरुलाई झन फस्टाउने अवसर प्रदान गर्दछ ।वर्तमान सरकार मुलुकको विकासको गतिलाई तीब्र बनाउदै जनतालाई सुखी र समृद्ध बनाउन आतुर रहेको छ । यसैले वर्तमान सरकारले दिगो शान्ति, राजनीतिक स्थायित्व, लोकतान्त्रिक संविधानको निर्माण र विकासलाई एकसाथ अगाडि बढाइरहेको छ । हालै भारतसंग सम्पन्न भएको विद्युत व्यापार संझौता तथा लगानी बोर्ड र भारतीय कम्पनी जीएमआरबीच माथिल्लो कर्णाली जलविद्युत आयोजना निर्माण गर्ने सम्बन्धमा सम्पन्न परियोजना विकास संझौताले नेपालमा स्वदेशी र विदेशी लगानीको वातावरण सिर्जना भएको छ । यस्तो लगानी योग्य वातावरणले आगामी दिनमा बैंक तथा वित्तीय संस्थाहरुको सेवाको दायरा विस्तार गर्न पनि सहयोग पुग्ने मेरो विश्वास छ ।नयाँ संविधान आएपछि नेपाल व्यवसायकालागि झन अनुकूल हुनेछ ।बैंक तथा वित्तीय संस्थाहरुको बृद्धिले देशमा उद्यमशीलता र व्यवसायीकरणलाई पनि सहयोग पुगेको पुगेको छ । वित्तीय क्षेत्रमा दक्ष जनशक्ति उत्पादन गरी सुशासन कायम भएपछि यसले मुलुकको आर्थिक सामाजिक विकासलाई गति दिन पनि निकै सहयोग पुऱ्याउने मेरो विश्वास छ ।


सिटी डेभलपमेन्ट बैंक लिमिटेडले स्थापनाकालदेखि सञ्चालन गरेका आर्थिक क्रियाकलापले देशको विकासमा महत्वपूर्ण सहयोग पुगेको मेरो विश्वास छ । आगामी दिनमा यसका क्रियाकलापहरु अझ विस्तारित हुन सकून । आठौं वर्ष प्रवेशको अवसरमा बैंकका संस्थापक,शेयरधनी, कर्मचारी र यसका सेवाग्राहीहरु सबैमा मेरो शुभकामना ।

जय नेपाल ।

(सुशील कोइराला)
प्रधानमन्त्री

शुभकामना

नेपाल सरकार
अर्थ मन्त्रालय



सिटी डेभलपमेन्ट बैंक लिमिटेड आफ्नो सातौं वर्ष पूरा गरी आठौं वर्षमा प्रवेश गर्न लागेको खबर पाउँदा ज्यादै खुशी लागेको छ । यस अवसरमा सम्पूर्ण शेयरधनीहरु, संस्थापकहरु, संचालक समितिका सदस्यहरु, कर्मचारीहरु तथा सम्पूर्ण ग्राहकवर्गहरुमा थप सफलताको लागि शुभ-कामना दिन चाहन्छु ।

मुलुकको आर्थिक सामाजिक विकासको लागि बैंकले छरिएर रहेको पूँजीलाई संकलन गरी उत्पादनमूलक क्षेत्रमा लगानी गर्दै राष्ट्र निर्माणमा योगदान पुऱ्याई भविष्यमा ग्रामीण क्षेत्रसम्म सेवाको पहुँच विस्तार तथा सेवा प्रवाहलाई भरपर्दो र चुस्त बनाउँदै संस्थागत सुशासन कायम गर्ने दिशातर्फ उन्मुख हुनेछ भन्ने विश्वास लिएको छु ।

प्रचलित नियम कानून र नियमनकारी निकायको निर्देशनमा रही गुणस्तरीय सेवा प्रदान गर्न बैंक सक्षम हुनेछ भन्ने विश्वास पनि लिएको छु । आगामी दिनमा बैंकको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

(डा. राम शरण महत)
अर्थमन्त्री

शुभकामना

नेपाल राष्ट्र बैंक
NEPAL RASTRA BANK

डेपुटी गभर्नर



यस बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त विकास बैंकको रुपमा कारोबार गर्दै आएको सिटी डेभलपमेन्ट बैंक लि. पोखरा, कास्कीले स्थापनाको सातौं वर्ष पूरा गरी आठौं वर्ष प्रवेश गर्न लागेको अवसरमा हार्दिक शुभ-कामना व्यक्त गर्दछु ।

यस विकास बैंकले ग्रामीण क्षेत्रमा रहेको बचत परिचालन गरी निक्षेपकर्तालाई उचित प्रतिफल दिनुका साथै स्थानीयस्तरका महिला, बैकिङ सेवाबाट सञ्चित समूह र युवा वर्गलाई लक्षित गरी कृषि तथा स्वरोजगारमूलक क्षेत्रमा लगानी बढाई सामाजिक उत्तरदायित्वयुक्त बैंकिङ सेवा प्रदान गर्ने कार्यमा आफ्ना प्रयासहरु केन्द्रीत गर्ने अपेक्षा राखेको छु ।

आगामी दिनहरुमा पनि यस विकास बैंकले प्रचलित ऐन नियम, निर्देशन पालना तथा वित्तीय सुशासन र संस्थागत उत्तरदायित्व बहन गर्दै ग्राहकमैत्री वित्तीय सेवा विस्तार गर्न सकोस् भनी शुभेच्छा व्यक्त गर्दछु ।

(गोपालप्रसाद काफ्ले)
का.मु. गभर्नर

कृतज्ञता

सिटी डेभलपमेण्ट बैंक लिमिटेड



मुलधारको बैंकिङ्ग सेवा लगायत कृषि, महिला तथा युवाहरुमा केन्द्रित लघुवित्त बैंकिङ्ग सेवा समेत प्रदान गरी रहेको यस सिटी डेभलपमेण्ट बैंक लिमिटेडले सफलताका साथ सातौं वर्ष पूरा गरी आठौं वर्ष प्रवेश गरेको अवसरमा बैंकलाई आजको अवस्थामा ल्याई पुऱ्याउन योगदान तथा सहयोग गर्नु हुने सम्पूर्ण ग्राहक महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल स्टक एक्स्चेन्ज, नेपाल धितोपत्र बोर्ड, शेयर रजिष्ट्रार, संस्थापक तथा साधारण शेयरधनी महानुभावहरु, संचालकहरु, कर्मचारीहरु लगायत शुभेच्छुकहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

समग्र राष्ट्रको समुन्नत विकासको लागि आर्थिक मेरुदण्डको रुपमा रहेको बैंकिङ्ग सेवा हरेक गाउँमा पुग्ने पर्ने कुरालाई मुख्य मार्गदर्शनका रुपमा अंगिकार गरेको यस बैंकले आफ्ना १२ वटा शाखाहरु मध्ये ८ वटा शाखाहरु ग्रामीण क्षेत्रमा स्थापना गरेको छ र आगामी दिनमा पनि शाखा विस्तार गर्दा ग्रामीण क्षेत्रलाई नै प्राथमिकता दिइने प्रतिबद्धता व्यक्त गर्दै दिपावलीको अवसरमा सम्पूर्ण नेपालीहरुको सुख, शान्ति तथा प्रगतिको कामना गर्दछु ।

(राजेन्द्र कुमार बाटाजु)
अध्यक्ष

प्रतिबद्धता

सिटी डेभलपमेण्ट बैंक लिमिटेड



सिटी डेभलपमेण्ट बैंक लिमिटेडले सफल सञ्चालनको सातौं वर्ष पूरा गरी आठौं वर्ष प्रवेश गरेको सुखद् अवसरमा यस बैंकलाई सफल तथा ग्राहकहरुको रोजाइको एक प्रमुख बैंक बनाउन असिम विश्वास तथा स्नेह गर्नुहुने समस्त आदरणीय ग्राहक वर्ग तथा शुभेच्छुक महानुभावहरुमा हार्दिक कृतज्ञता अर्पण गर्दछु ।

विगत सात वर्ष देखि अत्याधुनिक प्रविधि मार्फत् बैंकिङ्ग सेवा प्रदान गरिरहेको यस बैंकले ग्रामीण भेगलाई प्रमुख कार्यक्षेत्र बनाई महिला, पिछडिएका वर्ग तथा युवाहरुमा लक्षित बैंकिङ्ग कार्यक्रम तथा लघुवित्त कार्यक्रम समेत संचालन गरिरहेको छ । बैंकिङ्ग सेवामा सबै जनताको सहज, शुलभ तथा समान पहुँच भएमा मात्र देशको आर्थिक विकासमा बैंकको सार्थक योगदान हुन सक्ने कुरालाई हृदयंगम गर्दै आगामी दिनहरुमा यस बैंकको सेवालाई ग्रामीण तथा बैंकिङ्ग सेवा नपुगेका क्षेत्रहरुमा विस्तार गर्दै लगिने प्रतिबद्धता व्यक्त गर्दछु ।

साथै आउदै गरेको महान चाड दिपावलीको अवसरमा समस्त दिदीबहिनी तथा दाजु भाईहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

(विश्व मोहन अधिकारी)
प्रमुख कार्यकारी अधिकृत

सिटी डेभलपमेन्ट बैंक लिमिटेडले स्थापनाको सातौं बर्ष सफलतापूर्वक पूरा गरी आठौं बर्षमा प्रवेश गरेको सुखद् अवसरमा हार्दिक बधाई ज्ञापन गर्दै बैंकको उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

Hello Stationery
Pokhara

New Bibek Books & Stationery
Pokhara

Citizens Bank International Ltd.
सिटिजन्स बैंक इन्टरनेसनल लि.
YOUR PARTNER FOR PROGRESS
Branch Office : Newroad, Pokhara

Annapurna Engineering Consultancy
Pokhara-4, Kaski

Safal Media: 538913

Your Bank Your Partner...

एमाओवादी फेरी फुट्ने आशंका व्याप्त–गजुरेल

सम्मान कार्यक्रममा पार्टी एकताको चर्चा

गोल्डेन न्यूज संवाददाता
पोखरा १ कात्तिक ।

एकीकृत नेकपा माओवादीका केन्द्रीय कोषाध्यक्ष हरिबोल गजुरेलले एमाओवादी फेरि फुट्ने हो कि भन्ने आशंका व्याप्त रहेको बताएका छन् । क्रान्तिकारी पत्रकार संघ कास्कीद्वारा संचालित थमन-महेश पत्रकारिता पुरस्कार सम्मान कार्यक्रममा उनले एमाओवादी पार्टीका अध्यक्ष प्रचण्ड र वरिष्ठ नेता डा. बाबुराम भट्टराईको विवादले कार्यकर्ता र जनतामा समेत निराशा पैदा गरेको बताए । पार्टीका यी दुई नेताहरु कहिले अतिनै मिल्ने र कहिले एकदम झगडा गर्ने परिपाटी पहिलेदेखि नै चल्दै आएको भन्दै उनले जतिसुकै विवाद भएपनि पार्टी नफुट्ने उनले दावी गरे । आन्दोलनमा सशक्त भएको पार्टी माओवादी प्रचण्ड, बाबुराम र वैद्यकै कारणले विग्रिएको भन्दै सभासद समेत रहेका गजुरेलले सबैले आत्माआलोचना गर्दै पार्टीलाई एक बनाए अघि बढ्नुपर्नेमा जोड दिए ।

संघीयताकै कारण एमाओवादी चुनावमा पराजित भएको हल्ला निराधार भएका भन्दै उनले संघीयताका कारणले नभई पार्टीले जनयुद्धकालमा जनतासमक्ष गरेका प्रतिवद्धता पूरा नगरेका कारण पार्टी पराजित भएको स्पष्ट पारे । उनले भने संविधानसभाको निर्वाचनमा पराजित र पार्टी विभाजित भएपछि सबै नेताहरुको चेत खुलेको छ, अब छिट्टै दुई माओवादीबीच पार्टी एकता हुन्छ । संघका अध्यक्ष त्रिभुवन पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा-माओवादीका नेता श्रीनाथ बराल, सभासद तेजकुमारी पौडेल, सम्मानित व्यक्तित्व महेश्वर दाहाल, संघका केन्द्रीय अध्यक्ष गोविन्द आचार्य, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष रामकृष्ण ज्ञवाली, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य रुद्र भट्ट, अग्रज पत्रकार एवं प्रतिभा छनौट समितिका संयोजक कोमलनाथ बराल, पत्रकार दीपक परियार, घनश्याम पाण्डेय लगायतले आ-आफ्नो भनाई राखेका थिए । स्व. थमन परियार र स्व.महेश पहारीका परिवारद्वारा स्थापित पुरस्कारको राशि २५ हजार नगद, ताम्रपत्र र दोसल्ला पत्रकार महासंघका केन्द्रीय सदस्य एवं कार्यक्रम संयोजक सन्तमान श्रेष्ठलाई सम्मान पत्रले सम्मान गरिएको थियो । कार्यक्रममा पाष्ट मल्टिपल काउन्सिल चियर पर्सन प्रेमबहादुर श्रेष्ठ, फष्ट भाइस डिष्ट्रिक गर्भनर पिएमजेएफ धुवबहादुर थापा, सांग्रीला विकास बैंकका क्षेत्रिय प्रवन्धक दिपेन्द्र सुवेदी, लायन्स क्लव अफ हेमजाका संस्थापक अध्यक्ष तीर्थबहादुर थापा, सञ्चार सहकारी हेमजाका सचिव केशवशरण पौडेल, लायन्स क्लव अफ हेमजाका सहकोषाध्यक्ष प्रकाश पौडेलले बोलेका थिए । लायन्स क्लव अफ हेमजाका अध्यक्ष मोतिराज तिमिल्सिनाको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा द्वितीय उपाध्यक्ष धर्मराज भण्डारीले स्वागत र तृतीय उपाध्यक्ष नवराज त्रिपाठीले कार्यक्रम सञ्चालन गरेका थिए ।

पत्रकार महेश्वर दाहाललाई सम्मान गरिएको कार्यक्रममा प्रचण्ड नेतृत्वको एकीकृत नेकपा माओवादी र मोहन वैद्य नेतृत्वको नेकपा-माओवादी बीच पार्टी एकताको चर्चा निकै चल्यो । हुन त यो चर्चा यी दुवै पार्टीका केन्द्रीय तहमा पनि नचलेका होइनन् । सम्मान कार्यक्रम अवधिभर नै पार्टी एकताको चर्चा भइरहयो । संयोग हो या अन्य कारणले एमाओवादी निकट क्रान्तिकारी पत्रकार संघले नेकपा-माओवादी निकट पत्रकार महेश्वर दाहाललाई उक्त पुरस्कार प्रदान गरेको थियो । यो विषय नै कार्यक्रम अवधिभर नै चर्चा र चासो भइरहयो । पुरस्कृत व्यक्तित्व दाहाल क्रान्तिकारी पत्रकार संघका संस्थापक अध्यक्ष हुन्, पछि उनी पार्टी विभाजन संगै वैद्य माओवादीतिर लागेका थिए । उनी हाल नेकपा-माओवादीका केन्द्रीय सदस्य एवं प्रचार-प्रसार विभागका प्रमुख समेत हुन् । यो सम्मकी सम्मान कार्यक्रमको व्यवस्थापनमा मोहन वैद्य निकटको क्रान्तिकारी पत्रकार महासंघ कास्कीका अध्यक्ष नवराज सापकोटाको महत्वपूर्ण भूमिका रहेको बताइन्छ । कार्यक्रममा बोल्ने प्रमुख अतिथि एमाओवादीका केन्द्रीय कोषाध्यक्ष हरिबोल गजुरेलदेखि सबैले पार्टी एकताको सन्देश दिएको बताए । उनले भने-यो कार्यक्रममा पार्टी एकताका लागि वहस र छलफल भइरहयो, यो सकारात्मक पक्ष हो । यसले पार्टी एकतालाई महत्वपूर्ण सहयोग पुऱ्याउँछ ।' नेकपा-माओवादीका केन्द्रीय सदस्य एवं तमुवान इन्चार्ज श्रीनाथ बरालले व्यङ्ग्यात्मक शैलीमा माओवाद एउटा भएपनि माओवादी धेरै भएको भन्दै कार्यक्रमले अनौठो सन्देश दिएको बताए । नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष रामकृष्ण ज्ञवालीले सम्मान कार्यक्रमले दुई माओवादीबीच एकताको सन्देश दिएको र दुईपार्टीबीच एकता भएमात्रै राष्ट्रिय राजनीति र पत्रकारिता क्षेत्रका पनि महत्वपूर्ण आयाम थपिने बताए । सम्मानित व्यक्तित्व महेश्वर दाहालले पुरस्कारले आफूलाई बोझ थपिएको र पार्टी एकताका लागि ठूलो पहलकदमी भएको बताए । हामीहरु छुट्टै पार्टीमा रहेपनि कार्यगत र भावनामा कहिल्यै अलग नभएको भन्दै पार्टी एकताका लागि कुनै कठिनाई नभएको उनले बताए । उनले आफूले पाएको पुरस्कार रकमलाई आगामी जेठभित्र पुस्तक प्रकाशन गर्न लागेको र त्यसैमा खर्च गरिने बतचाए । कार्यक्रमको समापनमा बोलेका संघका कास्की अध्यक्ष त्रिभुवन पौडेलले घुमाउरो शैलीमा पार्टी एकताका लागि नै आफूहरुले दाहाललाई सम्मान गरेको बताए । उनले भने-सम्मानित व्यक्तित्व दाहाल अर्को पार्टीमा हुनुहुन्छ तर हाम्रो संघका संस्थापक हुनुहुन्छ । पार्टीको घेरा भन्दा केही बाहिर गएर उहाँलाई सम्मान गरेका छौं । यो पार्टीगत नभइ पत्रकारिताको हिसावले सम्मान गरिएको हो ।' उनले यो सम्मानले पार्टी एकताको सन्देश दिन खोजेको भए नेताहरु गम्भीर बन्नुपर्नेमा जोड दिए । कार्यक्रममा बोल्ने सभासद तेजकुमारी पौडेल, अग्रज पत्रकार कोमलनाथ बराल, रुद्र भट्ट, गोविन्द आचार्य लगायतले पनि पार्टी विभाजनले सबैलाई पीडा बोध भएकाले एकतामा जोड दिएका थिए ।

लायन्स फुटसलको उपाधि पिस सिटीलाई

गोल्डेन न्यूज संवाददाता
पोखरा १ कात्तिक ।

लायन्स क्लव अफ हेमजाले आयोजना गरेको प्रथम अन्तर लायन्स फुटसल प्रतियोगितामा उपाधी लायन्स क्लव अफ पोखरा पिस सिटिले हात पारेको छ । शनिबार भएको फाईनल खेलामा लायन्स क्लव अफ पोखरा मुनाललाई हराउदै लायन्स क्लव अफ पोखरा पिस सिटिले उपाधि हात पारेको हो । उपाधी जित सगै पिस सिटिले नगद २५ हजार ट्रफि प्रमाण पत्र प्राप्त गरेको छ भने पोखरा मुनालले नगद १५ हजार ट्रफी र प्रमाण पत्रमा चित्त वुझाएको थियो । त्यसैगरि तेस्रो स्थानाको लागि भएको प्रतियोगितामा लायन्स क्लव अफ पोखरा पोखरा ग्लोबल सिटिलाई हराउदै लायन्स क्लव अफ गोल्डेन चौतारी तृतीय भएको थियो । गोल्डेन चौतारीले नगद १० हजार ट्रफि र प्रमाण पत्र प्राप्त गरेको छ । प्रतियोगितामा सर्वाधिक गोल गर्नेमा लायन्स क्लव अफ पोखरा पिस सिटिका शंकर थापा र उत्कृष्ट खेलाडी लायन्स क्लव अफ पोखरा मुनालका धर्मवहादुर लामिछाने घोषित भए । त्यसैगरि प्रतियोगिता पहिला टिम दर्ता गर्ने लायन्स क्लव अफ गोल्डेन चौतारीलाई मायाको चिनो प्रदान गरिएको थियो । कार्यक्रममा विजयी टिमलाई जिल्ला प्रहरी कार्यालय कास्कीका प्रमुख प्रहरी उपरिक्षक वसन्तकुमार लामा र लायन्स क्लव अफ हेमजाका अध्यक्ष मोतीराज तिमिल्सिनाले पुरस्कार प्रदान गरेका थिए । प्रतियोगितामा १७ टिमको सहभागिता रहेको छ । कार्यक्रममा युवा पत्रकार प्रकाशचन्द्र सापकोटा

सेभेन ए साइड फुटबल प्रतियोगिता सम्पन्न

पोखरा १ कात्तिक ।

कृषि उत्पादनको लागि प्रख्यात गाउँ कास्कीको भलाम गाविसलाई प्रचारप्रसार गराउने उद्देश्यले श्रृंखला युवा क्लवले प्रथम भलाम सेभेन ए साइड फुटबल प्रतियोगिता सम्पन्न गरेको छ ।४० टिमको सहभागिता रहेको सो प्रतियोगितामा एसवाईसि पोखरा-१३ बाँझपाटन 'बि' प्रथम हुन सफल भयो । प्रतियोगितामा प्राइसट्याग पोखरा उपविजेता भयो । उनीहरुले पुरस्कार स्वरुप क्रमशः रु.७५ हजार ५ सय ५५ र रु.४५ हजार ५ सय ५५ पाए । सर्वाधिक गोलकर्ताको उपाधि श्रृंखला क्लवका नरेश केसी र वेष्ट प्लेयर विजय गुरुङ घोषित भए ।

समापन कार्यक्रमका प्रमुख अतिथि सभासद् शारदा पौडेलले गाउँमा हुने कार्यक्रमले युवामा सकारात्मक सामाजिक क्रियाकलाप तर्फ लाग्ने भावना बढन सघाउ पुऱ्याउने बताइन । आयोजक क्लबका अध्यक्ष महेन्द्रराज पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व गाविस अध्यक्ष अग्रज समाजसेवी क्या. गंगाबहादुर खत्री, तेजबहादुर गौतम, गाविस सचिव कमल बस्नेत, प्रतियोगिता संयोजक यमबहादुर बसनेत, प्रचार संयोजक चेतबहादुर खत्री, क्लबका उपाध्यक्ष रेशम खत्री, सचिव अनिल केसी, कोषाध्यक्ष सुमित बस्नेत लगायतले बोलेका थिए । भलाम गाविस पोखराको उत्तरी सिमानासँग जोडिएको कृषि उत्पादन, धार्मिक दृष्टिकोणले महत्वपूर्ण मानिन्छ ।

"हाम्रो पोखरा, राम्रो पोखरा"

प्रत्येक आइतबार बिहान ७:३० बजे पछि **सामुदायिक रेडियो सुनौलो एफ.एम. १०२.२ मेगाहर्जमा** प्रशारण हुने **रेडियो कार्यक्रम हाम्रो पोखरा, राम्रो पोखरा** अन्तर्गत आजको श्रृङ्खलामा पोखरा उपमहानगरपालिकाका प्रमूख कार्यकारी अधिकृत महेश बरालले आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा केन्द्रित रहेर तयार पारिएको विशेष कार्यक्रम सुन्न नभुलौं ।

sunaulo fm 102.2 **सुनौलो एफ.एम.१०२.२ मेघाहर्ज**

मुनाल स्टोर्समा समान खरिद गर्दा छुट र उपहार

गोल्डेन न्यूज संवाददाता
पोखरा १ कात्तिक ।

पोखराको चिप्लेढुंङ्गास्थित मुनाल स्टोर्सले नेपालीहरुको दोस्रो ठूलो चाड तिहारको अवसरमा विभिन्न किसिमका सामान खरिदमा छुट र उपहारको योजना ल्याएको छ । कार्तिक २ गतेदेखि ७ गते सम्मका लागि गरिएको ह्याप्पी तिहार अफर अन्तर्गत छुट र उपहार योजना ल्याएको मोती भुजेलले जानकारी दिए ।

सबै खुशी साथै बोकेर आउँछ भन्ने उद्घोषका साथ मुनाल स्टोर्सले हरेक समान खरिदमा विशेष छुट दिने र हरेक सपिङ्गमा सप्तरंङ्गी टीका समेत निशुल्क वितरण गर्ने भएको छ । यसका साथै तिहारको तीन दिन तीनहजार भन्दा माथिको सपिङ्गमा एकथान नेपाली ढाका टोपी कोसेली स्वरुप प्रदान गर्ने



भुजलले बताए । दुग्ध विकास संस्थान (डि.डि.सि.) र हल्दिराम्स्का उत्पादनहरु डेरी घिऊ, पनिर, रसबरी, गुलाबजामुन, सोनपापडी साथै दैनिक उपभोग्य सम्पूर्ण सामानहरु सुपथ मूल्यमा विक्री वितरण गर्ने भएको छ ।

ग्राहकको अपार माया र सद्भावका कारण स्टोर्सले आफ्नो १६ औ वर्ष सफलतापूर्वक पार गरिसकेको छ । गण्डकी र धौलागिरी अञ्चलका १० जिल्लाका ग्राहक र उपभोक्तालाई सेवा प्रदान गर्दै आएको मुनाल स्टोर्सले २५ जनालाई प्रत्यक्ष रोजगारी पनि दिएको छ ।

तोकिएकै...

तोकिएकै समयसीमाभित्र संविधान जारी हुने ठोकुवाप्रवक्ता बडुले पोखरामा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणका लागी काँङ्ग्रेस गम्भी रहेको पनि जानकारी दिए । कस्केलीको सपना र चाहनाका रुपमा रहेको पोखरा विमानस्थल निर्माण प्रक्रिया छिटो सुरु गराउनका लागी कांङ्ग्रेस केन्द्रिय समिती प्रथिवद्ध रहेको उल्लेख गर्दै उनले विमानस्थल बन्दैन कि भन्ने आशंडका नगर्न आग्रह पनि गरे ।

कार्यक्रममा नेपाली कांङ्ग्रेस कास्कीका शभापति तथा सभासद यज्ञबहादुर थापाले विमानस्थल निर्माणका लागी कांङ्ग्रेस कास्कीले नेतृत्वलाई दवाव दिन कुनै कसर बाँकी नराख्ने प्रतिवद्धता व्यक्त गरे । दशै, तिहार, छठ, वकर ईद, ल्होसार लगायतका चाडपर्वको अवसरमा आयोजित चियापान कार्यक्रममा कास्कीका विभिन्न राजनितीक दलका नेताहरु, सरकारी निकायका प्रमुखहरु, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधी, सञ्चारकर्मी लगायत सयौंको सङ्ख्यामा रहेका कांग्रेस कार्यकर्ताको उपस्थिति रहेको थियो । कार्यक्रमको संञ्चालन कास्की कांङ्ग्रेस सचिव युवराज कुँवरले गरेका थिए ।

पशुपतिनाथको साधारणसभा

पोखरा २६ असोज ।(गोल्डेन)

पोखरा ८ सिमलचौरस्थित पशुपतिनाथ मन्दिरको तेस्रो साधारणसभा शनिवार सम्पन्न भएको छ । विन्ध्यवासिनी मन्दिर धार्मिक क्षेत्र विकास समितिका अध्यक्ष गणेश बहादुर श्रेष्ठको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा देवका पौडेल, कमला गिरी, पवित्रा के.सी., सल्लाहकार उपेन्द्र ढकाल र विश्वनाथ बराल लगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा सचिव श्रीराम बराल र कोषाध्यक्ष गोविन्द बरालले प्रस्तुत गरेको प्रतिवेदन सर्वसम्मतिले पारित भएको थियो ।

गीताञ्जलीको १४३ औं श्रृखला

पोखरा २६ असोज ।(गोल्डेन)

गीताञ्जली साहित्य परिवारको १४३ औं श्रृखला पोखरा रामघाटस्थित गीतामन्दिर परिसरमा वर्तमान नेपाली साहित्यको परिचर्चा र रचना वाचनसँगै सम्पन्न भएको छ । युवा साहित्यकार दीपेन्द्र पहारीको स्वागत मन्तव्यबाट शुरु गरिएको उक्त कार्यक्रममा लक्ष्मण आचार्य र स्मृति ओझाले साहित्यीक रचना प्रस्तुत गरेका थिए । परिवारका कोषाध्यक्ष भानुभक्त भण्डारीद्धारा सञ्चालित कार्यक्रममा प्रभात नायकका रुपमा साहित्यकार कल्याण पन्त रहेका थिए ।

वि.स. २०५९ मा स्थापना भएको परिवारले प्रत्येक महिनाको पहिलो शनिवार नियमित रुपमा साहित्यिक कार्यक्रम सञ्चालन गदै आइरहेको छ ।

आनन्दको विज्ञान पुस्तक बजारमा आइपुग्यो

प्रकाशित भएको एक महिनामै 'वेष्ट सेलिङ'मा पर्न सफल पुस्तक 'सुपरभिजन-आनन्दको विज्ञान' बजारमा सर्वत्र उपलव्ध छन् । खोजी-खोजी पढौं ।

लेखक : डिलाराम लामिछाने
कृति : जीवन दर्शन (सबै वर्ग र तहका व्यक्तिहरुलाई उपयुक्त पुस्तक)
पुस्तक पाइने ठाउँहरु
बुकमार्ट, गैह्रपाटन, पोखरा, पाठक बुक्स एण्ड स्टेशनरी, सभागृहचोक
बाजे पुस्तक पसल, महेन्द्रपुल, पोखरा
स्पार्क बि. एण्ड डि. हस्पिटल, सभागृहचोक, पोखरा
एवं पोखराका प्रमुख पुस्तक पसलहरु ।
सम्पर्क : फोन : ०६१-५२१४०८, मोवाइल : ९८४६०३४३८४





के तपाईमा यौनसम्बन्धी समस्या छ ?

पुरुषमा देखिने : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष ।
महिलाहरूमा देखिने : स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिनावारीमा गढबढी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुवी, सेतो दुवीका साथै अन्य चर्मरोगहरू ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानको सफल उपचार
मलद्वार सम्बन्धी रोग : छाम्रूत्रद्वारा पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुःख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।

बिरामी जाँच्ने समय : बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१९४, ९८४६०४११३१, ९८०४१७२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि कार्यकारी अध्यक्ष **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा –सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा